म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ११३ २०८० फागुन २९ गते मंगलबार 12 March 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔं । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## बागमती प्रदेशसभाको बैठक आज बस्दै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठक आज मंगलबार बस्दैछ । फागुन १७ गते बिहीबार बसेको प्रदेशसभाको बैठक अन्त्य गर्दै सभामुख भुवनकुमार पाठकले मंगलबार दिउँसो ३ बजे बस्ने गरी प्रदेशसभा बैठक बोलाउनुभएको हो ।

अघिल्लो बिहीबार बसेको बैठकमा चालु आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन भएको थियो । बागमती प्रदेशमा बजेटको विषयमा आएको विवाद समाधान गर्न विशेष समिति गठन गर्ने सर्वदलीय बैठकबाट सहमति भएपछि प्रदेशसभा बैठक बसेको थियो ।

विगतमा प्रदेश सरकार र प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुबीच भएको समझदारी र मुख्यमन्त्री र आर्थिक मामिला तथा योजनामन्त्रीले आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको सम्बन्धमा सभासमक्ष भएको प्रतिबद्धतालाई संविधान, ऐन, कानुनअनुसार कार्यान्वयन गराउने गरी बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन भएको हो । प्रदेशसभा नियमावली पहिलो संशोधनसहितको नियम १५२ बमोजिम समिति गठन भएको हो । गठित समितिले आज मंगलबार बस्ने प्रदेशसभा बैठकमा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

बागमती प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको एक वर्ष पूरा हुँदा प्रदेशसभा संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा निकै सुस्त देखिएको छ । गत वर्षको पौष १४ गते सपथ लिएर १८ पौषमा पहिलो बैठक बसेको प्रदेशसभा सदस्यहरुले अहिलेसम्म दुईवटा अधिवेशनमा ५६ वटा बैठक बसी जम्मा ७ वटा विधेयक पास गरेका छन् । यस अवधिमा बसेको बैठकबाट २ वटा सालबसाली विधेयक र अन्य ५ वटा विधेयकहरु पारित भएका हुन् । जसमा २ वटा संशोधन विधेयक र ३ वटा मुल विधेयक रहेका छन् ।

प्रदेशसभाले पहिलो हिउँदे अधिवेशनबाट ४ र बर्खे अधिवेशनबाट ३ वटा विधेयक पास गरेको हो । यस अवधिमा प्रदेशसभाबाट पारित भएर प्रदेश प्रमुखसमक्ष प्रमाणीकरणका लागि पठाइएको एउटा विधेयक भने प्रदेश प्रमुखबाट पुनर्विचारका लागि फिर्ता भएको छ । चिट्ठासम्बन्धी विधेयक प्रदेश प्रमुख यादवचन्द्र शर्माले पुनर्विचार गर्नुपर्ने भन्दै प्रदेशसभामै फिर्ता पठाउनु भएको थियो ।

यस्तै, गत फागुन १७ गने बसेको प्रदेशसभामा उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले प्रदेशसभा नियमावली २०७४ को नियम १०६ को उपनियम २ बमोजिम प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० पेस गर्नुभएको छ । उक्त विधेयकमा आवश्यकअनुसार समितिमा छलफलको लागि पठाइनेछ ।

यता प्रदेशसभा गठन भएको एक वर्ष पुग्दासमेत प्रदेशसभाअन्तर्गतका समितिहरु अझै नेतृत्वविहीन रहेको छ ।

सरकारको नीति तथा कार्यक्रम बजेटलगायतका कामको अध्ययन, अनुगमन र निगरानी गरी आवश्यक सुझाव दिने अधिकार र दायित्व संसदीय समितिहरुसँग रहेको छ । २० असारमा गठन भएका संसदीय समितिहरु ज्येष्ठ सदस्यको नेतृत्वमा चलिरहेका छन् । संसदीय समितिको नेतृत्वको विषयमा दलहरुबिच भागवण्डा मिल्न नसक्दा समितिहरु नेतृत्वविहीन भएका हुन् ।

प्रदेशसभामा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ तथा विकास समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति रहेका छन् । यसअघि बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले फागुनभित्र समितिको टुङ्गो लाग्ने बताउनुभएको थियो तर सरकार परिवर्तन भएसँगै अझै अन्योलता देखिएको छ ।

## साहित्य संगम मकवानपुरले ७ जना स्रष्टालाई सम्मान गर्ने

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरले ७ जना स्रष्टाहरुलाई सम्मान गर्ने भएको छ । संघमा स्थापित विभिन्न सम्मानबाट विभिन्न विधामा ७ जना स्रष्टालाई सम्मान गर्ने संघका अध्यक्ष डीबी बर्तौलाले बताउनुभयो ।

मकवानपुर साहित्यश्री सम्मान २०८० बाट मकवानपुरका साहित्यकार इन्द्रजित शर्मा चौलागाईलाई १५ हजार ५ सय ५५ रुपैयाँ राशिसहित सम्मान गरिने भएको छ । चौलागाई सगमका पूर्वउपाध्यक्षसमेत हुनुहुन्छ । उक्त पुरस्कार तत्कालीन जिल्ला विकास समिति मकवानपुर र साहित्य संगम मकवानपुरले स्थापना गरेको थियो ।

भेषनाथ अधिकारी स्मृति छन्द सम्मान २०८० बाट धनकुटाकी कवि कल्पना काफ्लेलाई सम्मान गरिने भएको छ । उक्त पुरस्कारको राशि १५ हजार ५ सय ५ रुपैयाँ रहेको छ । काफ्लेले छन्दमा कविता लेख्दै आइरहनुभएको छ । उक्त पुरस्कारको स्थापना साहित्यकार विशाल अधिकारीले स्थापना गर्नुभएको हो ।

पहिलो पटक प्रदान गरिने विनोद-सुनिता सुवेदी साहित्य सम्मानबाट ललितपुरका कवि तथा निबन्धकार श्रीराम पाण्डेलाई सम्मान गरिने भएको छ । पाण्डेले मकवापनुरलाई कर्मथलो बनाएर कविता र निबन्ध क्षेत्रमा कलम चलाइरहनुभएको छ । उक्त पुरस्कारको राशि ११ हजार १ सय ११ रुपैयाँ रहेको छ । पुरस्कार हेटौंडा-२ स्थित बालजागृति बोर्डिङ स्कूलका प्रिन्सिपल विनोद सुवेदीको दम्पत्तीले स्थापना गर्नुभएको हो ।

यस्तै, शुभद्रादेवी-मदन मुडवरी स्मृति सम्मानबाट मकवानपुरका कवि तथा गजलकार विश्वनाथ सञ्जेललाई सम्मान गरिने भएको छ । १० हजार रुपैयाँ राशीसहित उक्त सम्मान हाल अमेरीकामा रहनुभएका साहित्यकार दीपक मुडवरीले स्थापना गर्नुभएको हो ।

मंगलादेवी श्रेष्ठ स्मृति नारी सम्मानबाट मकवानपुरकी कवि भावना सापकोटा सम्मानित हुनुहुने भएको छ । उक्त पुरस्कारको राशि १० हजार रुपैयाँ रहेको छ । सापकोटा आँचल साहित्य कलापुञ्ज मकवानपुरकी अध्यक्षसमेत हुनुहुनछ । उक्त पुरस्कार साहित्यसेवी देवप्रसाद श्रेष्ठले गर्नुभएको हो ।

१० हजार राशिसहितको मुक्ति-तारा सम्मानबाट मकवानपुरका हाँस्यव्यङ्ग्यकार सानुभाइ विश्वकर्मा सम्मानित हुनुहुने भएको छ । विश्वकर्माले हाँस्यव्यङ्ग्य तथा कविता लेख्दै आइरहनुभएको छ । उक्त पुरस्कारको स्थापना साहित्यसेवी मुक्तिगोविन्द वैद्य र तारादेवी वैद्यले गर्नुभएको हो ।

यस्तै, रामहरि-देव सम्मानबाट मकवानपुरका गजलकार किशन पौडेल सम्मानित हुनुहुने भएको छ । पौडेलले निबन्ध र लघुकथा क्षेत्रमा पनि कलम चलाउँदै आइरहनुभएको छ । १० हजार रुपैयाँ राशीसहितको उक्त पुरस्कार साहित्यकारहरु ऋषि केबी र पुण्यशिला श्रेष्ठले स्थापना गर्नुभएको हो ।

सात जना स्रष्टाहरुलाई चैत १० गते एक समारोहका बीच सम्मान तथा पुरस्कृत गरिने अध्यक्ष बर्तौलाले बताउनुभयो । मकवानपुरको साहित्य क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई सम्मानका लागि छनौट समितिले सिफारिस गरेको उहाँले बताउनुभयो ।

### सम्मानका लागि कृति दर्ता गर्न आह्वान

हेटौंडाः साहित्य संगम मकवानपुरले स्थापना गरेको कृति सम्मान २०७९ का लागि कृति दर्ता गर्न आह्वान गरेको छ । एक सूचना जारी गर्नुहुँदै संगमका अध्यक्ष डीबी बर्तौलाले यसबारे जानकारी गराउनुभएको हो ।

साहित्य संगम मकवानपुरका संस्थापकहरुमध्येका एक केशव श्रेष्ठद्वारा स्थापित साहित्य संगम कृति सम्मान २०७९ संस्थाको कार्यविधिअनुरुप वितरण गरिने जनाइएको छ । २०७९ बैशाखदेखि चैत मसान्तसम्म प्रकाशन भएको निबन्ध विधाका मौलिक सङ्ग्रह कृति छनौट समितिलाई उपलब्ध गराउन सूचनामा भनिएको छ ।

राष्ट्रिय पुरस्कारका लागि छनौट नभएका कृति आगामी चैत २० गतेभित्र बुझाउनुपर्ने जनाइएको छ । पुरस्कार राशि २५ हजार एक रुपैयाँ रहेको छ । सर्वोकृष्ट कृतिलाई बैशाख दोस्रो सातामा पुरस्कृत गरिने अध्यक्ष बर्तौलाले बताउनुभएको छ ।

### स्व. अष्टकुमारी स्मृति टी-२० क्रिकेट

## नेशनल इन्फोटेक फाइनलमा, उपाधिका लागि म्यानेजमेन्टसँग भिड्ने



फाइनल प्रवेश गरेको नेशनल इन्फोटेक कलेजको टिम ।

समाज संवाददाता

हेटौंडाः स्व. अष्टकुमारी शाक्य स्मृति टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा पर्सा जिल्लाको बीरगन्ज महानगरपालिकास्थित नेशनल एन्फोटेक कलेज प्रवेश गरेको छ । हेटौंडा-४, हुप्रचौरमा सोमबार भएको समूहचरणको दोस्रो खेलमा पनि विजयी हुँदै इन्फोटेक कलेज फाइनल प्रवेश गरेको हो । इन्फोटेकले अब उपाधिका लागि मकवानपुरको हेटौंडा स्कूल अफ म्यानेजमेन्टसँग प्रतिस्पर्धा गर्नेछ । फाइनल खेल आज मंगलबार हुनेछ ।

तीन वटा टिम रहेको समूह बी मा बारा जिल्लाको सिमरा कलेजलाई ३६ रनले पराजित गरेको नेशनल इन्फोटेकले सोमबार चितवन जिल्लाको अरोमा कलेजलाई पराजित गर्दै फाइनल प्रवेश गरेको हो । सोमबार चितवनको अरोमा कलेजलाई १६ रनले हराउँदै नेशनल इन्फोटेक फाइनलमा प्रवेश गरेको हो । टस जितेर पहिले व्याटिङ गरेको नेशनल इन्फोटेकले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ४६ रन बनाएको थियो । नेशनल इन्फोटेकका लागि राहुल अन्सारीले सर्वाधिक ५५ रन बनाए । यस्तै सफवान अलीले ५१ रन जोड्न सफल भए । बलिङतर्फ अरोमा कलेजका जेनिश क्षेत्रीले ३ र मनिष सुनारले २ विकेट लिएका थिए ।

नेशनल इन्फोटेकले दिएको १ सय ४७ रनको लक्ष्य पछ्याएको अरोमा कलेजले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३० रन मात्र जोड्न सफल भयो । अरोमा कलेजबाट जेनिश क्षेत्रीले ४१ रन जोड्न सफल भए । यस्तै पाल्देन लामाले २८ र कृष्ण घिमिरेले १९ रन जोडेका थिए । बलिङतर्फ नेशनल इन्फोटेकका वशिम अलि ननसुरीले ३ विकेट लिएका थिए । यस्तै एमडी अन्सारीले २ विकेट लिए । म्यान अफ द म्याच नेशनल इन्फोटेकका सफ्वान अली घोषित भए ।

यस्तै सोमबार नै भएको पहिलो खेलमा हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेजले हेटौंडा-१० स्थित नारायणी कलेजलाई ३० रनले पराजित गरेको छ । टस हारेर पहिले व्याटिङको निम्तो पाएको हेटौंडा सिटी कलेजले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय १४ रन बनाएको थियो । हेटौंडा सिटी कलेजबाट यमन थिङले २२ रन, स्वर्णीम भुजेलले १६ रन, रोनिश श्रेष्ठले र दिक्षान्त शर्माले समान १३-१३ रन बनाएका थिए । बलिङतर्फ नारायणी कलेजबाट अस्मित कुमार मण्डलले, अनमोल कुमार पासवानले र सन्तोष पोखरेलले समान २-२ विकेट लिएका थिए ।

जवाफी व्याटिङमा उत्रिएको नारायणी कलेजले १६ ओभर २ बलमा सबै विकेट गुमाएर ८५ रन मात्र बनाउन सफल भएको थियो । नारायणीबाट अनमोल कुमार पासवानले १६ रन बनाएका थिए । यस्तै मिथिलेस गुप्ताले १० रन मात्र जोड्न सफल भएको थियो । बलिङतर्फ सिटी कलेजका स्वर्णीम भुजेलले सर्वाधिक ३ विकेट लिएका थिए । यस्तै यमन थिङ र सरोज खडकाले समान २-२ विकेट लिएको हो । म्यान अफ द म्याच स्वर्णीम भुजेल घोषित भए ।

....बाँकी पृष्ठ ३ मा

## हेटौंडाका बिडारी उत्कृष्ट निर्देशक



समाज संवाददाता

हेटौंडाः चलचित्र निर्देशक समाज काठमाडौंले हेटौंडा-११, नवलपुरका सुजित बिडारीलाई सम्मान गरेको छ । सोमबार चलचित्र निर्देशक समाज काठमाडौंले उत्कृष्ट चलचित्र निर्देशक २०७९ बाट बिडारी र रामबाबु गुरुङलाई सम्मान गरेको हो ।

बिडारीले निर्देशन गर्नुभएको 'ऐना झ्यालको पुतली' चलचित्रबाट बिडारी सम्मानित हुनु भएको थियो । यस्तै, 'कबड्डी ४' चलचित्रबाट गुरुङलाई सम्मान गरेको निर्देशक बिडारीले जानकारी दिनुभयो । एना झ्यालको पुतली भन्ने चलचित्रमा ग्रामीण परिवारमा हुर्कंदै गरेका दिदी-भाइको कथा समेटिएको उहाँले जानकारी दिनुभयो ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**

www.samriddhasamaj.com.np

**फ्ल्याट भाडामा चाहियो ?**
**तु सम्पर्क गर्नुहोस् ।**

हेटौँडा-५ पुष्पलालपार्क नजिकै सुबिधा सम्पन्न फ्ल्याट (गाडी पार्किङसहित ३ वटा बेडरुम, एउटा बैठक कोठा, अट्याच बाथरुम) खाली रहेकोले आवश्यक व्यक्तिले तु सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.-९८४५४८८३४४**

**आगोजन्य विपद्का घटनाहरू हुन नदिन सबैजनाले आवश्यक सतर्कता अपनाऔं ।**

आगोजन्य विपद्का घटनाहरू हुन नदिन सबैजनाले आवश्यक सतर्कता अपनाऔं ।

- घरमा आगोजन्य सामग्रीहरू प्रयोग गरिसकेपछि राम्रोसँग बन्द गरौं ।
- ग्यास सिलिण्डर र रेगुलेटरको समयमा जाँच गरौं ।
- सिलिण्डर सुरक्षित र खुल्ला ठाउँमा राखौं ।
- पेट्रोल, डिजेल, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थ सुरक्षित स्थानमा भण्डारण गरौं ।
- विद्युतीय तार जाँच गरौं ।
- क्षमताभन्दा अधिक विद्युतीय सामग्री प्रयोग नगरौं ।
- धुम्रपान गरेपश्चात चुरोटको ठुटालाई राम्रोसँग निभाएर फाल्ने गरौं ।
- लाइटर, मैनबत्ती, सलाई र आगोजन्य सामग्री बालबालिकाको पहुँचबाट टाढा राखौं ।
- वनजङ्गलको वरपर आगो बाल्ने कार्य नगरौं ।
- प्लास्टिकजन्य फोहोरमैला जथाभावी नफालौं ।
- तपाईंको सानो लापरबाहीले ठूलो धनजनको क्षति हुन सक्छ त्यसैले आफू पनि आगोजन्य विपद्का बारेमा सचेत रहौं अरुलाई पनि सचेत गराऔं । यदि आगोलागी भएमा दमकलका लागि हेटौंडा उपमहानगरपालिकाको बारुणयन्त्र उपशाखामा समयमै खबर गरौं ।

**टेलिफोन नम्बर ०५७-५२०६७७**
**टोल फ्री नम्बर १०१**
**बारुणयन्त्र इन्चार्ज ९८४५१०५१४७**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## रेमिट्यान्सको उपयोग

अहिले मुलुकको अर्थतन्त्र रेमिट्यान्स (विप्रेषण)ले धानेको भनिँदै आएको छ । पछिल्लो समय वैदेशिक रोजगारमा जाने नेपालीको संख्यामा भएको वृद्धिसँगै नेपाल भित्रने रेमिट्यान्स पनि बढिरहेको हो । देशभित्रै रोजगारीको पर्याप्त अवसर नहुँदा वैदेशिक रोजगारीमा गएर पठाएको रेमिट्यान्सले परिवारको दैनिक चलाउन निकै सहज भएको छ । यसले व्यक्ति तथा परिवारको आर्थिक अवस्थामा सुधार ल्याएको छ । गुणस्तरीय जीवनयापनका लागि पनि रेमिट्यान्सको योगदान महत्वपूर्ण बनिरहेको छ । त्यतिमात्र नभई देशको अर्थतन्त्रलाई सन्तुलित राख्न पनि रेमिट्यान्सले सहयोग गर्दै आएको छ । देशमा बढ्दो व्यापार घाटाका कारण उत्पन्न हुने भुक्तानी असन्तुलन कम गर्न रेमिट्यान्सको महत्वपूर्ण भूमिका देखिएको छ । विदेशबाट विभिन्न वस्तु तथा सेवा आयातको भुक्तानी विदेशी मुद्रामा गर्नुपर्ने र देशमा विदेशी मुद्रा आर्जनको अन्य क्षेत्रहरु शिथिल बनिरहँदा बढ्दो रेमिट्यान्सले भुक्तानी सन्तुलन कायम गर्नुका साथै विदेशी मुद्रा सञ्चितिमा पनि सुधार ल्याएको छ ।

चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो ७ महिनामा ८ खर्ब ३९ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । यसलाई हेर्दा मासिक करिब १ खर्ब २० अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिरहेको छ । यो आर्थिक वर्षको असोजमा सबैभन्दा बढी १ खर्ब ३७ अबै रेमिट्यान्स भित्रिएकोमा सबैभन्दा कम माघमा १ खर्ब ६ अर्बमात्र रेमिट्यान्स आएको हो । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार साउनदेखि पुससम्म ७ खर्ब ३३ खर्ब रेमिट्यान्स आएको थियो । जसअनुसार मासिक औसत १ खर्ब २२ अर्ब रेमिट्यान्स आएकोमा माघमा १ खर्ब ६ अर्बमात्र रेमिट्यान्स भित्रिएकाले रेमिट्यान्स घट्ने हो कि भन्ने आशंका थपिएको छ । गत आर्थिक वर्ष मासिक औसत १ खर्ब १ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । माघ महिनामा रेमिट्यान्स घट्नुमा बैंकको ब्याजदर घट्दै जानु, आयात बढ्ने संकेत देखिनु, बैंकिङ क्षेत्र जोखिममा रहेको हल्ला फैलाउनु विदेशमा कमाएको पैसाले सुन किनेर पठाएको हुनसक्नेजस्ता कारण मानिएको छ ।

पछिल्लो तथ्यांकले दैनिक करिब चार अर्ब रुपियाँ रेमिट्यान्स भित्रिने गरेको देखाउँछ । देशको समग्र अर्थतन्त्र अझै चुनौतीपूर्ण रहेको भए पनि अन्य आर्थिक सूचकमा समेत सुधार हुँदै गएको देखिन्छ । समग्र अर्थतन्त्रको अवस्था सन्तोषजनक नभएका कारण नेपाली अर्थतन्त्रलाई रेमिट्यान्सले निकै भरथेग गरिरहेको छ । रेमिट्यान्सले विदेशी विनिमय सञ्चिति बढाउनुका साथै नेपालीको आम्दानी वृद्धि र उपभोग प्रवृत्तिमा सुधार ल्याएको छ । झण्डै संघीय सरकारको वार्षिक बजेट बराबर भित्रिने गरेको रेमिट्यान्स सरकारको आन्तरिक आम्दानीभन्दा बढी हुन थालेको छ । तर, यति धेरै रेमिट्यान्स आउँदा पनि त्यसलाई पुँजी निर्माण र उत्पादनको क्षेत्रमा प्रयोग गर्न सकिएको छैन । रेमिट्यान्सको अधिकांश हिस्सा व्यक्ति तथा परिवारले उपभोगमा खर्च गरिरहेका छन् । आयआर्जन, स्वरोजगार, उद्यमशीलता विकास तथा उत्पादकत्व वृद्धिका लागि रेमिट्यान्सको उपयोग गर्न सकिएको छैन ।

पछिल्लो १० वर्षको अवधिमा रेमिट्यान्स आउने क्रम तीन गुनाले वृद्धि भएको छ । आर्थिक वर्ष २०६९/०७० मा ४ खर्ब ३० अर्ब रेमिट्यान्स भित्रिएकोमा आर्थिक वर्ष २०७९/०८० मा १२ खर्बभन्दा बढी रेमिट्यान्स भित्रिएको छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्मको तथ्यांकको आधारमा यस वर्ष १४ खर्बभन्दा बढी रेमिट्यान्स भित्रने सम्भावना देखिएको छ । वर्षेनि रेमिट्यान्सको अंक वृद्धि हुँदै गए पनि नगन्यमात्र उत्पादनमूलक क्षेत्रमा प्रयोग हुनुले राम्रो संकेत गर्दैन । अधिकांश व्यक्ति ऋण लिएर वैदेशिक रोजगारीमा जाने भएकाले रेमिट्यान्सको पहिलो प्राथमिकता ऋण तिर्नु हुन्छ । ऋण तिरिसकेपछि बचेको रकमलाई घरखर्च चलाउन, सुविधाका वस्तु खरिद गर्न, बालबालिका पढाउन र घरजग्गा जोड्न खर्च हुने गरेको छ । आम्दानी राम्रो भएपछि विलासिता जीवन बिताउने आकाङ्क्षा बढ्ने भएकाले पनि रेमिट्यान्सको उपयोग अनुत्पादक क्षेत्रमा नै बढि भइरहेको छ । अर्थतन्त्रलाई गतिशील बनाई दिगो आर्थिक वृद्धिका लागि रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन सरकारले ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मित्र र पारिवारीक सहयोग प्राप्त हुने समय छ ।
**वृष** : धार्मिक र सामाजिक काममा समय व्यतित होला ।
**मिथुन** : व्यापार–व्यवसायले गति प्राप्त गर्न सक्ने छ ।
**कर्कट** : भावना र कल्पनामा नबहकिँदा राम्रो होला ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ ।
**कन्या** : कर्तव्यप्रति जिम्मेवारी थपिने समयको योग छ ।
**तुला** : प्रशंसा र सहानुभूति बटुल्न सकिने योग छ ।
**वृश्चिक** : अध्ययन–अध्यापनका काममा सफलता प्राप्त ।
**धनु** : काममा विशेष लगनशीलता बढ्ने योग छ ।
**मकर** : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।
**कुम्भ** : ज्ञान र तालिम बढाउने समय योग रहेको छ ।
**मीन** : पढाइ– लेखाइ त्यति राम्रो नहुने समय योग छ ।

# आँटिला दुर्गा प्रसाई

**भ्रष्टाचार र कमिशनको खेलमा देशलाई उपनिवेश त बनाइसकेकै थियो तर देशै बेच्ने यि षडयन्त्रकारीहरुको विरुद्ध बोल्ने आँट नेपाल आमाको कुनै सन्तानले सकेको थिएन । अहिले करि व २१ खर्ब वैदेशिक ऋण नेपाललाई छ । नेपालीहरु जन्मिदै ७० हजारको ऋणले थिचिनेछ ।**



डा. डी.बी. मोक्तान



केही गणतन्त्रवादीहरु बाहेक सम्पूर्ण नेपाली जनताको एकमात्र आवाज हो "राजा आउ, देश बचाउ, हामी साथमा छौं मुटु नकमाउ ।" तर राजा भने कता-कता त्रसित भएको, डराएको, कसैको चेतावनी, धम्की वा विशेष आग्रहको प्रभावमा परेर हो । आफैले गरेको वाचालाई पन्छाउँदै तोकिएको स्थान र समयमा उपस्थित नभएको गुनासो महाअभियन्ता दुर्गा प्रसाईको कार्यक्रममा उपस्थित जनसागरको रहेको छ ।

२०८० मंसीर १५ गते र फागुन १ गते दुर्गा प्रसाईद्वारा आयोजित काठमाडौं भेलामा राजा ज्ञानेन्द्रबाट धोका भएकै हो भन्ने निश्कर्ष पनि जनसागरले गरेको छ । जनता भने राजा आउ देश बचाउको नारा घाँटीको नसा नै फुट्नेगरी चिच्याउने, राजा भने मस्त निन्द्रामा परेको जस्तो अभिनय गर्ने । कार्यक्रम हुनुभन्दा केहीदिन अघिमात्र कार्यक्रममा उपस्थित हुने वाचाको मीठो सन्देश पठाएर जनतामा जोश, जाँगर, हौसला, उमंग र तरङ्ग जगाउने तर कार्यक्रममा उपस्थित नभइदिने । यस्तो गलत क्रियाले दुर्गा प्रसाईको अभियान तुहाउन सल्बलाएका विरोधी तत्वहरुलाई सघाउन खोजिएको त होइन ? भन्ने शंका उब्जिनु अस्वाभाविक होइन । यसबारे राजाको प्रतिक्रिया के छ भन्नेबारे जनताको गम्भीर चासो रहेको छ । यस किसिमको हर्कतले जनता निरासिएको र दुर्गा प्रसाईको अभियानलाई तुहाउन खोज्नेहरुलाई मलजल पु¥याएकै हो भन्ने हामी अभियन्ताहरुको निश्कर्ष रहेको छ । यो असहज परिस्थितिले महाअभियानको समस्त अभियन्ताहरुमा असह्य पीडा थपिएको छ । तर हामी यस पीडालाई प्रेरणामा परिणत गर्दै आगामी चैत्र १ गते सम्पन्न हुन गैरहेको चितवन महाभेलामा हाम्रो ऐक्यवद्धता प्रदर्शन गर्नेछौं र महाअभियानलाई नयाँ शक्ति प्रदान गर्नेछौं ।

राजासहितको वैदिक सनातन धर्मको पुनर्स्थापना तथा संरक्षण, संघीयतासहितको प्रदेशसभाको खारेजी, अनावश्यक सांसद संख्याको कटौती, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता तथा भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु बराबर भनेर राजनीतिक प्रतिवद्धता जनाउँदै लोकप्रियताको शिखरमा पुगेको राजेन्द्र लिङदेन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को छेपारे प्रवृत्ति देख्दा कसैले पनि देशभक्त तथा राजावादी पार्टी भन्दैन । जनतामा देशभक्ती र राजावादीको भ्रम फैलाएर एमाले अध्यक्ष ओलीको दौराको फेर समात्दै महागठबन्धनको सरकारमा उपप्रधानमन्त्रीको ओहदामा गएर आफ्नो सक्कली अनुहार त देखाएकै हो । संघीयतासहित प्रदेशसभाको खारेजी र राजासहितको वैदिक सनातन धर्मको पुनर्स्थापना गर्नुपर्ने माग राख्ने राप्रपाले कथित जनयुद्धको नाउमा १७ हजार नेपालीको हत्या गरेर ल्याएको संघीय राज्य व्यवस्थाको सरकारमा जान हतार किन गरेको ? नलीहाड फुक्दैमा चिहान व्युउँतिदैन भनेर राजसंस्था र राजावादीको घोर भर्त्सना गरेर राजावादीहरुको राजसंस्था प्रतिको आस्थामा धावा बोल्ने राष्ट्रघाती ओलीसँग किन संरक्षणको भिख माग्नु पऱ्यो ? जसले राजावादीहरु र राजसंस्थाको धज्जी उडायो, उसैको संरक्षणमा चुनाव लड्ने र उसैको सिफारिसमा सरकारमा जान्छ भने त्यस्ता छेपारे प्रवृत्तिलाई कसरी हामीले मित्र मान्ने ?

भ्रष्टाचारको नामै सुन्न नचाहने, भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानुसरह हो भन्नेको महामन्त्री नै सिक्टा सिंचाई आयोजनामा गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी ८ अर्ब रुपैयाँ घोटाला गरेको काण्डमा मुछिएको छ र सोही काण्डको न्यायिक छलफल होस् भनी अख्तियारले सर्वोच्च अदालतमा रीट निवेदन दिएको छ र सोको किनारा अझै लागेको छैन । भ्रष्टाचारको सुपरिचित नाइके उहाँ हुनुहुन्छ चितवन निर्वाचन क्षेत्र नं. ३ बाट प्रत्यक्षतर्फ निर्वाचित सांसद विक्रम पाण्डे । यहि फागुन २७ गते बसेको राप्रपाको कार्य सम्पादन समितिको बैठकमा पूर्व एआइजी तथा राप्रपा केन्द्रीय सदस्य तथा कार्य सम्पादन समितिका पदाधिकारी ठाकुर मोहन श्रेष्ठले सम्पति शुद्धिकरणको प्रसङ्गमा भ्रष्टाचारको मतियार हामीभित्रै रहेको र हामीबाटै सम्पत्ति शुद्धिकरण तथा अनुशासनको कार्वाही थालिनु पर्दछ भन्ने बितिकै चोरको खुट्टा काट भन्नासाथ खुट्टा खुम्च्याएको उखान चरितार्थ भएको छ । तुरुन्तै विक्रम पाण्डेले प्रतिवाद गर्दै आफ्नो गुण्डाहरु बोलाएर सहमहामन्त्री प्रेम बलायरको नेतृत्वमा पार्टी कार्यालय भित्रै ठाकुरमोहन माथि हातपात गरेको थियो । गुण्डा प्रवृत्तिका यस्ताहरुलाई दुर्गा प्रसाईले सहयोद्धाको संज्ञा दिनु भनेको आफ्नै घाँटीमा पासो हाल्नु हो ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ अभियानले वैदिक सनातन धर्म तथा राजसंस्था पुनर्स्थापना लगायत संघीयता र प्रदेश सभा खारेजीको मुल एजेण्डा एउटै भएपछि किन अलग-अलग रुपमा विद्रोह गर्ने ? सँगै जानसके सांगठनिक, राजनीतिक, सैद्धान्तिक रुपमा हामी दुवै घटक बलियो हुनेहुँदा सँगै जाऔं भन्ने सवालमा सहमत भएकै हो । तर उनीहरुको छेपारे प्रवृत्तिले जुनसुकै बेला धोका दिनसक्छ भन्ने कुरा माघ ६ र फागुन १ गतेको घटनाले पुष्टि गरिसकेको हुँदा राप्रपालाई हामीले हाम्रो सहयोद्धा मान्नु ठुलो भूल हुनेछ । यसले हाम्रो अभियानलाई गम्भीर क्षति पु¥याउनेमा दुईमत हुन सक्दैन ।

अर्को कुरा, राजनीतिमा स्थायी मित्र र स्थायी दुश्मन कोही हुँदैन भन्ने उदाहरण दिँदै आफ्नो जघन्य कुकृत्यको अपराधबाट बच्न कहिले देउवाको खुट्टा ढोग्न पुग्ने, कहिले ओलीको खुट्टा ढोग्न पुग्ने गरेको देख्दा लाज पनि लजाएर यो नकचरे प्रधानमन्त्री प्रचण्डदेखि लाज मान्न थालिसक्यो । तर प्रचण्ड कहिल्यै सुध्रेन । नगरवधुले जुन पुरुषले मोटो रकम दिन्छ उसैलाई आफ्नो पति सम्झिन्छ र अस्तित्व सुम्पिन्छ । नगरवधुको न जात हुन्छ, न लाज, न धर्म हुन्छ, न संस्कार, न देशको माया हुन्छ, न जनताको चिन्ता । उसको चिन्ता भनेकै पैसा हुन्छ । किनकी उसको पेशागत स्वार्थ नै पैसामा अडिएको हुन्छ । अर्थात् जसरी हुन्छ बढी भन्दा बढी धन आर्जन गर्ने र भौतिक सुखानन्द लिने । यसैमा उसले संसारभरिको मान, सम्मान, इज्जत र महानता देखेको हुन्छ । हो, हाम्रो देशको प्रधानमन्त्री पुष्पकमल दाहाल उर्फ प्रचण्ड ज्यु ठ्याक्कै त्यहि प्रवृतिको हुनुहुन्छ भन्दा फरक नपर्ला । उहाँलाई न देशको माया छ, न जनताको चिन्ता छ । उहाँलाई यदि माया नै छ भने सत्ताको र चिन्ता नै छ भने उहाँकै भाइ आनन्द दाहाल, छोरी रेणु दाहाल, छोरी गंगा दाहाल, बुहारी र अन्य सालो, जेठान आदि इत्यादिको । अरु सबै भाँडमा...।

अहिलेसम्म प्रचण्ड प्रधानमन्त्री बनेको ३ पटक भैसक्यो । प्रचण्ड यति शक्तिशाली छ कि आफु प्रधानमन्त्री नबनेको बखतमा पनि सत्ता साझेदारीमा बलियो शक्तिको रुपमा रहन सफल भएको छ । यो देशमा गणतन्त्र नामको हुचीलले गुँड लगाएपछि अर्थतन्त्र, कृषितन्त्र, शिक्षा, स्वास्थ, उद्योग तथा कलकारखानाहरु सबै तहस-नहस बनायो । विदेशीको हातमा देशको बागडोर गएपछि उनीहरुको ईशारामा सत्ता फेरबदल, बजेट विनियोजन, आफ्नो र आफन्तको नियुक्ती, कमीशन तथा भ्रष्टाचारले पराकाष्ट नाघ्यो । लघुवित्त, सहकारी, बैंक तथा वित्तीय संस्था केही मुट्ठीभर साहु महाजनको पोल्टामा पर्न गयो । सीधासाधा जनताहरुलाई सस्तो व्याजको प्रलोभनमा पारेर आफुखुशी व्याज निर्धारण गरी उनीहरुको घरजग्गा हडपिन थाल्यो । गरिव किसान तथा ऋणीहरुले सरकारसँग न्यायको भिख माग्यो तर सरकारले सुनुवाई नै गरेन । फलतः गरिव किसान तथा ऋणीहरुले आफ्नै शरीरमा आगो लगाई आत्महत्या गर्ने, विष सेवन गर्ने, रुखमा झुन्डिने, खोलामा हाम फाल्ने जस्ता अति दारुण अवस्थाको सृजना भयो, तरपनि सरकारले वास्तै गरेन । किनकी उनीहरुकै संरक्षणमा यो काम भएको थियो । अन्ततः यो दारुण अवस्थालाई नियन्त्रण गर्न र सरकारको ध्यानाकर्षण गराउन दुर्गा प्रसाई बाध्य हुनु पऱ्यो । धन्य हो प्रभु ।

भ्रष्टाचार र कमिशनको खेलमा देशलाई उपनिवेश त बनाइसकेकै थियो तर देशै बेच्ने यि षडयन्त्रकारीहरुको विरुद्ध बोल्ने आँट नेपाल आमाको कुनै सन्तानले सकेको थिएन । अहिले करिव २१ खर्ब वैदेशिक ऋण नेपाललाई छ । नेपालीहरु जन्मिदै ७० हजारको ऋणले थिचिनेछ । आखिर यत्रो ऋण कसरी भयो र यो ऋण तिर्ने आधार के छ ? ऋण तिर्ने आधार केही छैन । त्यसैले देशै जिम्मा लगाउने यि राष्ट्रघातीहरुको दाउ हो । यि राष्ट्रघातीहरु दलालहरु को हुन भन्ने बारे गएको फागुन १ गते र फागुन १५ गते सार्वजनिक गरिसकिएको छ भने अरु बाँकी दलालहरुको पर्दाफास यहि चैत्र १ गते चितवनमा गरिँदै छ । अब हामीले राष्ट्रघाती दलालहरुको उद्योग, पसल, गोदाम, घर, सपिङ्ग मल, होटल तथा रेष्टुरेन्टहरुमा स्टीङ्ग अपरेशन गर्दै यिनीहरुको बैंक खाता बन्द, पासपोर्ट जफत आदि गर्नु पर्ने हुन्छ । यिनीहरु रहिरहेसम्म देश र जनताको विकास कहिल्यै हुँदैन । मान्छे तिनै हुन तर छेपारो झैं रंग, रुप बदलेर देश लुटन पल्केका नरपिचासहरुलाई नपन्छाएसम्म यो देशको जनताले कहिल्यै मुक्ति पाउने छैन । यस किसिमको ज्यादती रहिरहेमा हामी नेपालीले नेपाली हौं भन्ने गर्व त्याग्नुपर्ने र विदेशी दलालको गुलाम बन्नु सिवाय अरु विकल्प देखिँदैन । राष्ट्रघाती, विदेशी दलाल र भ्रष्टाचारीहरु जस्ता कसिङ्गरलाई नबढारेसम्म यो देशमा सुख, शान्ति तथा समृद्धिको कल्पना पनि गर्न सकिँदैन । त्यसैले राष्ट्रघाती, विदेशी दलाल र भ्रष्टाचारीहरुको निरन्तरताको क्रमभङ्ग गर्दै जेल कोच्ने र देशमा आमुल परिवर्तन ल्याउने काम हामीबाटै सुरु गरिनु पर्दछ ।

अब हामीले कुनैपनि उत्तरपन्थी, दक्षिणपन्थी, वामपन्थी, झ्वामपन्थी, उदार वादी वा सुधारवादी चिन्तनमा नलागी एकदमै विशुद्ध नेपाली माटो, नेपाली हावापानी, नेपालको राजनीति र शोषित, पीडित नेपाली जनताको दुख तथा पीर मार्कालाई मुटुभित्र राखेर कहीं कतै, कसैको पक्षधर नबनी वा कुनै विदेशी शक्तिको बैसाखीको सहारा नलिई आफ्नै मौलिकता झल्किने आत्मनिर्भररुपी जनताको लोकतान्त्रिक सिद्धान्त प्रतिपादन गर्न आजको आवश्यक्ता महसुस भएको छ । जुन सिद्धान्तले साहु महाजनहरुको मामुली ऋण तिर्न नसकी आत्मदाह गर्न नपरोस्, रुखमा झुन्डिन नपरोस्, खोलामा हाम फाल्न नपरोस्, विषसेवन गर्न नपरोस्, भोको पेट र नाँगो आङ ढाक्नकै लागि विदेशिन नपरोस्, जीवन र मृत्युको दोसाँधमा अल्झिएको भूईंमान्छेहरुलाई जीवन प्रदान गर्न जनताको समावेशी लोकतान्त्रिक सिद्धान्त प्रतिपादन गर्न सकोस् । यस किसिमको राष्ट्रिय चिन्तनको आवश्यक्ता महसुस भएको हुँदा गरिब, दुखी, सर्वहारा तथा भूईंमान्छेहरुलाई सुहाउने जातीय विभेदरहित र सामाजिक सद्भावसहितको राज्यव्यवस्था स्थापना गर्ने जसभित्र अन्याय, अत्याचार, भ्रष्टाचार, कुशासन, विसँगती, घुसखोरी जस्ता सोंचले स्थान नपाओस् ।

सर्वधर्म समभावसहित वैदिक सनातनको मान्यतालाई सर्वोपरी मान्दै राष्ट्रिय सभा र प्रदेश सभा बिनाको लोकतान्त्रिक व्यवस्थाको स्थापना गर्नैपर्ने अपरिहार्यता देखिएको, राष्ट्रको राष्ट्रियता र सार्वभौम संप्रभुताको सुरक्षा कवजको रुपमा राजाको अपरिहार्यता महसुस भएको तथ्यलाई स्वीकार्दै देश, जनता र नेपाली नागरिकको भलाइको पक्षमा खबरदारीकासाथ एउटा निडर, निश्पक्ष र स्वतन्त्र अभियानको निरन्तरता अपरिहार्य भएको महशुस भएकोले दुर्गा प्रसाईद्वारा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कार, संस्कृति तथा नागरिक बचाउ महाअभियान २०७९ फागुन १ गते झापाको मेचीपुलमा राजा ज्ञानेन्द्र वीरविक्रम शाहदेवबाट द्वीप प्रज्जवलन गरी शुभारम्भ गरिएको गौर वमय इतिहासले दोश्रो वर्ष प्रवेश गरेको छ । हजारौं जनताको उपस्थितिमा शुभारम्भ गरिएको यस महाअभियानको एकमात्र उद्देश्य हो देशमा सुशासन कायम गर्न तथा जनतालाई सुख, शान्ति र सुरक्षाको अनुभूती दिलाउन ।

*डा. डी.बी. मोक्तान, पिएचडी*
*संस्थापक अध्यक्षः राष्ट्रिय स्वतन्त्र नागरिक मञ्च, नेपाल*

# आजदेखि मतदाता नामावलीको त्रुटि सच्याउन सकिने

समाज संवाददाता

हेटौंडाः मतदाता नामावली अद्यावधिक गर्ने तथा अन्तिम नामावली प्रकाशन गर्ने कार्य देशभर भइरहेको छ । निर्वाचन आयोगले सोमबार आयोगको वेवसाइटमा मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन गरेको हो ।

आयोगले प्रकाशन गरेको नामावलीमा कुनै त्रुटी भएमा आज फागुन २९ गते मंगलबारदेखि सच्याउन सकिने जनाइएको छ । मतादाताहरुले आफ्नो वडा कार्यालयमा उपस्थित भएर वा आयोगको वेवसाइट (इलेक्सन डट जीओभी डट एनपी) बाट त्रुटि सच्याउन सक्नेछन् ।

फागुन २८ गतेदेखि चैत्र २२ गतेसम्म जिल्लाभित्रका सबै पालिकाको वडा कार्यालयमा मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम सञ्चालन हुनेछ । आयोगले त्रुटि सच्याउनका लागि विभिन्न दिन तोकेको छ । २९ गतेदेखि चैत्र ५ गतेसम्म मतदाताहरुले कसैले झुटा विवरण समावेश गरेको भएमा विरोधको उजुरी दिन सक्नेछन् ।

२९ गतेदेखि चैत्र ५ गतेसम्म नै कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा छ भने एक स्थानमा मात्र कायम गर्न निवेदन दिन सकिन्छ र मतदाता नामावलीमा नाम भएका व्यक्तिको मृत्यु भएको वा नागरिकता त्याग गरेको भएमा मतदाता नामावलीबाट नाम हटाउनका लागि सूचना दिन सकिन्छ ।

सोहि मितिको बिचमा मतदाताहरुले वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्न सकिनेछ । कुनै मतदाता बसाइँसरी गएको, मृत्यु भएको, नागरिकता त्याग/रद्द भएको प्रमाणित विवरण प्राप्त गर्न सकिन्छ भने चैत्र ६ गतेदेखि चैत्र ८ गतेसम्म उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिइनेछ । यस्तै, चैत्र ९ गतेदेखि चैत्र १२ गतेसम्म निर्वाचन कार्यालयमा मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा आवश्यक छानविन गरी प्रमुख नामदर्ता अधिकारीले त्रुटि सच्याउने र नाम हटाउनेलगायत कानुनबमोजिम निर्णय गरिनेछ ।

चैत्र १२ गतेदेखि १५ गतेसम्म निर्वाचन कार्यालय र वडा कार्यालयमा नाम हटाइएको सूचना प्रकाशन गर्ने र फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगं आयोगमा पठाउन सकिनेछ ।

यस्तै, चैत्र २२ गते अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ । मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन धेरै आवश्यक रहेको आयोगले जानकारी दिएको छ। मकवानपुर जिल्लामा यसअघि मतादाता संख्या ३ लाख एक हजार ७ सय ९९ र हेको थियो भने अहिले ३ लाख ५ हजार २ सय ७ रहेको छ । आफ्नो डाटा शुद्ध प्राप्त गर्नका लागि नामावलीबाट त्रुटि सच्याउन आवश्यक हुने निर्वाचन आयोग बागमती प्रदेश कार्यालयकी नायव सुब्बा सम्झना ढकालले जानकारी दिनुभयो ।

नागरिता अनुसारको विवरण फरक परेपछि समस्या आउने कारण विभिन्न पक्ष सच्याउन आवश्यक हुने उहाँले प्रष्ट पार्नुभयो । जिल्लाभित्रका सबै पालिकाका वडा कार्यालयमा कार्यक्रम सञ्चालन हुनेछ । कार्यक्रममा मुख्य भूमिका निर्वाचन कार्यालय र स्थानीय तहअन्तर्गत् वडा कार्यलयको रहने बताइएको छ ।

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## कृषि



सुहाना खड्का

कृत्रिम तरिकाले बालीजन्य र पशुजन्य उत्पादन गर्ने तरिकालाई कृषि भनिन्छ । पशुपालन, बाली उत्पादन, मत्स्यपालन व अन्य जीवजन्तुको खेती वा पालन कृषि अन्तर्गत पर्छन् । त्यसैले सामान्यतया कृत्रिम तरिकाबाट बालीनाली, पशुपंक्षीको उत्पादन गर्नु नै कृषि हो । नेपाल कृषिप्रधान देश हो । यहाँको ६०.६% मानिस कृषिमा निर्भर छन् । कुल गार्हस्थ उत्पादनको करिब २८.२ प्रतिशत योगदान कृषि क्षेत्रको छ । यसले देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिएको छ। यदि कृषिमा आधुनिकीकरण वा व्यावसायीकरण गर्ने हो भने यसले गरिबी निवारणमा पनि योगदान दिन सक्छ ।

नेपालमा कृषिको महत्व धेरै छ । कृषि राष्ट्रिय आयको मुख्य स्रोत हो । मानिस तथा पशुहरुको खाद्यान्नको स्रोत पनि हो। यसले कृषिजन्य उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउँछ। कृषिजन्य वस्तुको निर्यातबाट वैदेशिक मुद्रा आर्जन हुन्छ । मानिसलाई रोजगारी उपलब्ध गराउँछ । आर्थिक विकासका मेरुदण्ड हो। नेपालमा कृषिका विशेषताहरु पनि थुप्रै छन्। कृषि जीविकोपार्जनमूखी हुन्छ। मौसममा आधारित खेती हुन्छ। जमिनको खण्डीकरण हुन्छ। परम्परागत खेती प्रणाली हुन्छ । न्यून उत्पादकत्व हुन्छ। न्यून लगानी हुन्छ। प्राकृतिक प्रकोपबाट प्रभावित हुन्छ।

नेपालमा परम्परागत प्रणालीमा कृषि गरिन्छ । पुरानो प्रविधि वा ढाँचाबाट खेतीपाती गर्ने, पशुपालन गर्ने वा बालीनाली लगाउने प्रचलनलाई परम्परागत कृषि प्रणाली भनिन्छ। यस्तो कृषि प्रणालीमा खेती मानवीय श्रम र परम्परागत औजारहरु प्रयोग गरेर गरिन्छ। प्राकृतिक रुपमा नै खेती प्रणाली अपनाइएको हुन्छ।

कृषि क्षेत्रको सुधारका लागि विभिन्न उपायहरु छन्। हामीले पूर्वाधारको विकास र विस्तारमा जोड दिनुपर्छ । हामीले बजार व्यवस्थापन र कृषि उत्पादनको सही मूल्य निर्धारण गर्नुपर्छ । आधुनिक प्रविधि, विधि, उन्नत मल, बीउ आदिको प्रयोगसम्बन्धी अभिमुखीकरण तालिम गर्नुपर्छ । हामीले सिँचाइ परियोजनाको विस्तार गर्नुपर्छ आदि ।

# सुशासन र उद्यम विकासको लागि छलफल

समाज संवाददाता

हेटौंडाः ग्रिन फाउण्डेशन नेपाल (जीएफएन) ले हेटौंडामा वनमा आधारित उद्यम विकासका लागि सरकार र समुदायबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेको छ । संस्थाले उद्यम विकाससँगै सुशासन कायम गर्नुको साथै समुदाय र स्थानीय सरकारबीचको समन्वयात्मक सम्बन्ध सुदृढ गर्दै समस्या समाधान गर्नका लागि कार्यक्रमको आयोजना गरेको हो ।

हेटौंडा उपमहानगरपालिका वन, वातावरण विभागका प्रमुख एवम् १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामाले समृद्ध समुदायका लागि स्थानीय उत्पादनलाई जोड दिन उपहमानगर तयार रहेको बताउनुभयो । उहाँले उद्यम विकासले स्वरोजगार सृजना गरेको बताउदै उपमहानगरपालिकाले स्थानीय उत्पादन प्रवर्द्धनमा काम गरिरहेको जनाउनुभयो । यसका साथै सामुदायिक वन उपभोक्ता महासंघ र ग्रिन फाउण्डेशन नेपालले वनमा आधारित उद्यमको जग बसाउनुका साथै यसको दिगो विकासको लागि भूमिका खेलेको समेत उल्लेख गर्नुभयो ।

डिभिजन वन कार्यालय हेटौंडाका सहायक वन अधिकृत बसन्तराज गौतमले अबको आर्थिक उत्पादनको स्रोत भनेको उद्यम भएकाले वनमा आधारित उद्यम विकासले समुदायसँगै सिंगो राज्यको अर्थतन्त्रमा खास भूमिका खेल्ने बताउनुभयो । उहाँले नेपालमा अब आफ्नो निजी वनमा लगाएका काठपातहरु अन्नबालीसरह ओसारपसार गर्न पाउनेसमेत कानुनले बाटो खुलाइदिएको जानकारी दिनुभयो ।

कार्यक्रममा उद्यम, पर्यटन र सहकारी महाशाखा प्रमुख हिम शर्मा पौडेलले उद्यम गर्छु भनेर अठोट गर्ने समूहलाई उपमहानगरपालिकाले तालिम र बिउपुँजीसमेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले तालिम लिनका लागि मात्र तालीम लिने नभएर उद्यमी बन्नका लागि तालिम लिएमा उपमहानगरपालिकामा बजेटको समस्या नभएको बताउनुभयो ।

कार्यक्रममा बोल्दै ग्रिन फाउन्डेन नेपालकी कोषाध्यक्ष आरती पाठकले संस्थाको उद्देश्य नै कृषि र वनमा आधारित उद्यम विकास गर्ने, उद्यमीहरुको दिगो व्यवस्थापनका लागि सरकार र समुदायबीच पुलको काम गर्ने, बजारीकरणको लागि तालिमहरु उपलब्ध गराउने र स्थानीय उत्पादनलाई बजारसम्म लैजान प्रोत्साहन गर्ने रहेको जानकारी दिनुभयो । यसका साथै सरकारको तर्फबाट उद्यम विकासका लागि बजेट बिनियोजनको पहल भइरहेको समेत जनाउनुभयो ।

सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# बालश्रम न्यूनीकरणसम्बन्धी छलफल

समाज संवाददाता

हेटौंडाः श्रमिक बालबालिकाको सहभागिता तथा बालश्रम न्यूनीकरणसम्बन्धी सोमबार हेटौंडामा सरोकारवालाबीच छलफल भएको छ । गैसस महासंघ नेपाल जिल्ला शाखा मकवानपुर र आसमान नेपालको संयुक्त आयोजनामा छलफल भएको हो ।

हेटौंडाको शहरभित्र रहेका टोल-टोलमा अझैं पनि बालबालिकाको अवस्था चिन्ताजन रहेकोप्रति सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् । उनीहरुले बालबालिका विभिन्न कारणले श्रममा लाग्नुपर्ने बाध्यता कायमै रहेकोप्रति चिन्ता व्यक्त गरेका हुन् । मकवानपुरको मनहरीमा ट्याक्टर चलाउने, गिट्टी कुट्ने, होटलमा काम गर्न जाने र मकवानपुरगढी, बागमती, इन्द्रसरोवर, कैलाश लगायतका क्षेत्रबाट बालबालिकाहरु गलैचा उद्योगमा काम गर्न गएको बालबालिकाको क्षेत्रमा काम गरिरहेका सरोकारवाला संस्थाका प्रतिनिधिको भनाई छ ।

मकवानपुरको विभिन्न स्थानमा रहेका वर्कसपमा भारतीय बालक श्रममा रहेका छन् । श्रममा लागेका बालबालिकाको दिगो पुनःस्थापना गर्न चुनौति रहेको उनीहरुको भनाई छ । छलफलमा सहभागी शिक्षक, पत्रकार, श्रमजिवी, विद्यार्थी एवम् अभिभावकले बाल श्रम न्यूनीकरण गर्न सबैको भूमिका महत्वपूर्ण हुनेमा जोड दिएका छन् ।

कार्यक्रममा गैसस महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, सिविन बालहेल्पलाइन हेटौंडाका प्रमुख झविन्द्र ज्ञवाली, मामाघर नेपालका प्रमुख अर्पण पराजुली, आसमा नेपालका कार्यक्रम संयोजक दिपेन्द्र तिवारी, आसमा नेपालका रक्की प्रसाद साह, गैसस मकवानपुरका सचिव सन्तोष पौडेल, सह-सचिव गोकर्ण तिवारी, सदस्य नवराज शर्मा लगायतकाको सहभागिता रहेको थियो ।

# चितवनका श्रेष्ठ हेटौंडामा मृत फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ स्थित हुप्रचौर नजिक एकजना मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा डेरा गरी बस्दै आएका चितवनको रत्ननगर नगरपालिका-२ का ३७ वर्षीय राजकुमार श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सोमबार बिहान ७ बजेर ३० मिनेटको समयमा श्रेष्ठ आफू सुत्ने कोठामा मृत अवस्थामा फेला परेका हुन् । श्रेष्ठ मृत अवस्थामा रहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी टोली खटेर शवलाई पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको जनाएको छ ।

## नेशनल इन्फोटेक...

जेसीआई हेटौंडाले आयोजना गरेको प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिताका लागि मकवानपुर जिल्ला क्रिकेट संघले प्राविधिक सहयोग गरेको छ। प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको थियो ।

# विदेशी श्रमिक नलिने मलेसियाको निर्णयको मारमा नेपाल



रविन्द्र घिमिरे/अनलाइनखबर

काठमाडौंः औपचारिक क्षेत्रमा आप्रवासी (विदेशी) श्रमिक भित्र्याएर रोजगारी दिन बन्द गर्ने मलेसियाली सरकारको निर्णयप्रति नेपाल सरकारले चिन्ता व्यक्त गरेको छ । मलेसियाले आगामी जुन महिनाको प्रारम्भ (१८ जेठ) देखि विदेशबाट श्रमिक नल्याउने गरी मलेसियन सरकारले निर्णय गरेको हो । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता तथा सहसचिव राजीव पोखरेलले नेपाल सरकार समक्ष औपचारिक रुपमा जानकारी नदिइएपनि मलेसियन सरकारले आफ्नो आधिकारिक वक्तव्यमा नै यो जानकारी गराइसकेकोले यसबाट नेपाल पनि प्रभावित हुने देखिएको बताए ।

उनका अनुसार यो निर्णयको प्रत्यक्ष असर नेपालले भोग्ने जोखिम देखिएको छ । तर, सरकारले राम्रा वैकल्पिक श्रम गन्तब्यको खोजीका लागि काम गर्न यसले अवसर समेत दिने पोखरेलले बताए । मलेसिया लामो समयदेखि नेपाली श्रमिकको प्रमुख श्रम गन्तब्य मुलुक हो । मलेसियाले श्रम बजारमा आप्रवासी कामदारको संख्या बढी भएकाले मलेसिया सरकारले आगामी वैशाख मसान्तसम्म आप्रवासी कामदारलाई प्रवेश अनुमति दिने र त्यसपछि प्रवेशमा रोक लगाउने घोषणा गरेपछि वैदेशिक रोजगार व्यवसायीहरूले पनि चिन्ता प्रकट गरिरहेका छन् ।

गत शुक्रबार मलेसियाको गृह मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदार प्रवेश बन्द हुने भएकाले वैशाख मसान्तअघि आवश्यक कामदार भर्ना गर्न कम्पनीहरूलाई निर्देशन दिएको थियो । मलेसियाका गृहमन्त्री सेरी सैफुद्दीन इस्माइलले शुक्रबार पत्रकार सम्मेलनमा भनेका थिए, 'सरकारले आप्रवासी कामदारहरूको आगमनलाई नियमन गर्ने लक्ष्य राखेको छ, कुल १ करोड ७० लाख श्रमशक्तिमध्ये १५ प्रतिशतमा विदेशी कामदारलाई सीमित गर्ने नीति तर्जुमा गरिएको छ,' स्वीकृत कोटाभित्र आप्रवासी कामदार ल्याउन कम्पनीहरूलाई मे ३१ सम्मको समय दिइएको उनको भनाइ थियो ।

### कति जान्छन् नेपाली मलेसिया ?

मलेसियामा अहिले २१ लाखभन्दा बढी आप्रवासी कामदार छन्, त्यसमध्ये ५ लाखभन्दा बढी नेपालीहरु नै भएको अनुमान छ । अब तोकिएको प्रतिबन्ध सुरु भएर अर्को निर्णय नभएसम्म मेसियाले नेपालसहित कुनै पनि देशबाट श्रमिक लिने छैन । नेपालको जस्तै मौसम भएका कारणले धेरै अदक्ष श्रमिकले मलेसियालाई रोज्ने गरेका छन् । औसत ८ हजार श्रमिक अहिले पनि मलेसिया पुगिरहेका छन् । मलेसियाबाट श्रमिकको माग आउन बन्द भएपछि धेरै नेपालीले रोजगारीको अवसर गुमाउनेछन् ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता पोखरेल मलेसियाको यो निर्णयले नेपाली श्रमिकको मुख्य गन्तब्यमा नै धक्का पुगेको बताउँछन् । 'तर, पछिल्लो समयमा युरोपियन श्रम बजारमा श्रम शक्तिको माग बढेको छ, हाम्रा श्रमिकलाई दक्ष सिपयुक्त बनाएर युरोपका देशमा पठाउने गरी नीति बनाएर काम गर्नुपर्छ,' उनले भने । चालु आर्थिक वर्षको पहिलो ७ महिना (साउन-माघ)सम्ममा ४२ हजार ९२५ जना श्रमिक नयाँ श्रम स्वीकृति लिएर मलेसिया पुगेका छन् । गत आर्थिक वर्षमा २ लाख १९ हजार जना श्रमिक यसरी मलेसिया पुगेका थिए ।

सात महिनामा १२ हजार ६३४ जना श्रमिक श्रम स्वीकृति नवीकरण गरेर मलेसिया फर्किएका छन् । गत वर्ष यसरी मलेसिया फर्किनेको संख्या ४० हजार २३७ थियो । यसले महिनामा औसत ७ हजार ९३७ नेपाली श्रमिकहरू अहिले मलेसिया पुगिरहेको देखाउँछ । तर, गत वर्ष यस्तै अवधिमा यस्तो औसत संख्या २६ हजार थियो । यो वर्ष नयाँ श्रम स्वीकृतिमा मलेसिया जाने श्रमिकको संख्या ७३ प्रतिशत र नवीकरण गरेर जानेको संख्या ४६ प्रतिशतले कम भएको छ । तर, पनि नेपालको मुख्य श्रम गन्तब्यको सूचीमा मलेसिया यूएईपछि दोस्रो स्थानमा छ ।

### फेरि संकट

यसअघि मलेसिया जाने कामदार माथि विभिन्न बहानामा थप शुल्क लगाएर ठगी गरेको भन्दै नेपाल सरकारले १२ जेठ २०७५ मा मलेसियाका लागि श्रम स्वीकृति दिन रोकेको थियो । तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले ठगी गर्नेमाथि कारवाही अभियान चलाएका थिए ।

११ कात्तिक २०७५ मा मलेसिया जाँदा एक रुपैयाँ पनि शुल्क तिर्नु नपर्ने र लागेको सबै शुल्क रोजगारदाताले नै बेहोर्ने गरी मलेसिया सरकारसँग श्रम समझदारी भएको थियो । तर मलेसियाले पुराना भेन्डर मार्फत नयाँ कामदारको भिसा प्रक्रियाअघि बढाउन चाहेपछि समझदारीमा हस्ताक्षर भएको १० महिनासम्म रोजगारी खुलेको थिएन । यसले मलेसियाको रोजगारीमा ठूलो संकट निम्तिएको थियो । सरकारले २९ भदौ २०७६ मा १५ महिनापछि कामदारको हित अनुकुल हुने ग्यारेन्टी गर्दै मलेसियाको रोजगारीलाई खुला गरेको थियो । त्यसपछि कोरोना महामारीले बिथोलिएको मलेसियाको श्रम बजारमा पछिल्ला २ वर्षमा धेरै माग सिर्जना भएको थियो । त्यसअनुसार माग भएसँगै नेपालबाट पनि ठूलो संख्यामा मलेसियामा श्रमिक पुगेका छन् । तर, फेरि मलेसियाको रोजगारीमा अर्को संकट थपिएको छ । मलेसियाको पछिल्लो निर्णयले मलेसियामा राम्रो अवसर पाएका श्रमिकहरू करार अवधि सकाएर फर्किएपछि फेरि फर्केर जान नपाउने अवस्था सिर्जना हुने चिन्तामा परेका छन् ।

